रु. १०००/- (एक हजार मात्र)

नगदी रसिद नं.: ....... ..

मितिः ... ..... ... ... ...

दस्तखत :..................

# Conditioning Tower Dismenteling

## सम्वन्धी कार्यको शिलवन्दी दरभाउपत्र आव्हान

## सूचना नं १०/०७४/०७५

हेटौंडा सिमेण्ट उद्योग लि.

केन्द्रीय कार्यालय, लामसुरे, हेटौंडा

फोन नं. (०५७) ४१२८५२/४१३०२०

फ्याक्स नं. ००९७७-५७-४१२१२३

इमेलः hcilhtd@ntc.net.np / info@hetaudacement.org.np

http://www.hetaudacement.org.np/

# विषय सूची


| | | पाना नं. |
|---|---|---|
| खण्ड १ : | दरभाउपत्र आह्वानको सूचना | १ |
| खण्ड २ : | दरभाउपत्र सम्बन्धि दरभाउपत्रदातालाई दिइएको निर्देशन | ६ |
| खण्ड ३ : | सम्झौताका शर्तहरु | ५ |
| खण्ड ४ : | सम्झौता पत्र | १ |
| खण्ड ५ : | दरभाउपत्र प्रस्ताव तथा मूल्य विवरण | १ |
| खण्ड ६ : | विस्तृत कार्य विवरण तालिका (Scope of works) | १ |
| खण्ड ७ : | नमूना फारमहरुः | ७ |

क) दरभाउपत्र पेश गरेको निबेदन

ख) दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजातहरु

ग) दरभाउपत्र दाताको जानकारी सम्बन्धी विवरण

घ) संयुक्त उपक्रम सम्बन्धी विवरण

ङ) दरभाउपत्र स्वीकृत गर्ने आशयपत्र

च) बीड बण्डको नमूना

छ) कार्य सम्पादन जमानतको नमूना

# १) दरभाउपत्र आव्हानको सूचना

# Conditioning Tower Dismenteling

**कार्य सम्वन्धी शिलवन्दी दरभाउपत्र आव्हान**
**सूचना नं.१०/०७४/०७५**
**(सूचना प्रकाशित मिति २०७४/ ०९ /२३ )**

१. हेटौंडा सिमेण्ट उद्योग लि.को Conditioning Tower Dismenteling *कार्य गराउनु पर्ने* भएकोले योग्य पंजीकृत फर्म / आपूतर्कहरुबाट /निर्माण व्यवसायीहरुवाट शिलवन्दी दरभाउपत्र/विद्युतीय प्रस्ताव आव्हान गरिन्छ ।

२. इच्छुक योग्य कोटेशनदाताहरुले थप जानकारी लिन तथा दरभाउपत्र निरीक्षणका लागि हेटौंडा सिमेण्ट उद्योगको कार्यालयमा सम्पर्क राख्न सकीने तथा www.bolpatra.gov.np मा हेर्न सकीने छ ।। साथै दरभाउपत्रमा उल्लेखित कार्य सम्बन्धमा थप प्राविधिक जानकारी लिन हे.सि.उ.लि. को मर्मत महाशाखामा सम्पर्क राख्न तथा कार्य स्थलको अवलोकन गर्न सकिने छ ।

३. इच्छुक दरभाउपत्रदाताहरुले दरभाउपत्र फाराम खरिद गर्नु भन्दा अघि गर्नु पर्ने काम तथा आवश्यक योग्यता तथा क्षमताबारे राम्रो संग अध्ययन गर्नु पर्ने छ ।

४. इच्छुक प्रस्तावकदाताहरुले निवेदन साथ नविकरण सहितको फर्म/व्यबसाय दर्ता प्रमाणपत्र,मुल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. २०७३/०७४ सम्मको कर चुक्ता प्रमाणपत्र,संयुक्त साझेदारी को सम्झौता पत्र (कुनै एक फर्म संगमात्र साझेदारी मान्य हुनेछ), अख्तियारनामा पत्रको प्रमाणपत्रको नोटरी पब्लीकबाट प्रमाणित प्रतिलिपी संलग्न राखी रु. १०००।– (एक हजार फिर्ता नहुने) तिरी उद्योगको केन्द्रीय कार्यालय, हेटौंडा वा शाखा कार्यालय, अनामनगर, काठमाण्डौ(फोन ०१-४२६९०९९) बाट प्रथम पटक सूचना प्रकाशित मितिले १५ औं दिन १५:०० बजे भित्र दरभाउपत्र फारम खरिद गर्नु पर्ने छ । सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np मार्फत प्रस्ताव पेश गर्न चाहने दरभाउपत्रदाताले उपरोक्त कार्यालयहरुबाट दरभाउपत्र फाराम खरिद गरी वा उक्त वेवसाइटबाट डाउनलोड गरी सोही वेवसाइटमा उल्लेखित प्रकृया पूरा गरी आफ्नो प्रस्ताव वेवसाइटमा पेश गर्न सक्ने छन् । वेवसाइटबाट दरभाउपत्र फाराम डाउनलोड गरी प्रस्ताव पेश गर्ने दरभाउपत्रदाताले दरभाउपत्र फाराम वापतको फिर्ता नहुने गरी रु. १०००।– (एक हजार) उद्योगको खातामा नगद जम्मा गरेको बैंक भौचरको स्क्यान प्रति (PDF format) समेत विद्युतीय प्रस्ताव साथ पेश गर्नु पर्ने छ ।

५. प्रथम पटक सूचना प्रकाशित मितिले १६ औं दिनको १५:०० बजे सम्म वा सो भन्दा अघि दरभाउपत्र फारमको खण्ड २ को दरभाउपत्रदाताहरुलाई दिइएको निर्देशन बमोजिम उद्योगको केन्द्रीय कार्यालय, हेटौंडामा दरभाउपत्र प्रस्ताव दर्ता गराउनु पर्ने छ । विद्युतीय प्रस्ताव पेश गर्न चाहने दरभाउपत्रदाताले समेत www.bolpatra.gov.np मा दिइएको जानकारी अनुसार सोही मिति र समय भित्रमा उक्त वेवसाइटमा आफ्नो दरभाउपत्र प्रस्ताव पेश गर्न सक्ने छन् । तोकिएको समय पछि पेश भएका दरभाउपत्र प्रस्तावहरु अस्विकार हुने छन् । विद्युतीय प्रस्ताव पेश गर्ने दरभाउपत्रदाताले सक्कल विड वण्ड र कागजातहरु सहितको दरभाउपत्र प्रस्ताव खुलेको ७ (सात) दिन भित्र पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्र प्रस्तावहरु (विद्युतीय प्रस्ताव समेत) प्रथम पटक सूचना प्रकाशित मितिले १७ औं दिनको १५:०० बजे केन्द्रीय कार्यालय हेटौंडामा खोलिने छ ।

७. दरभाउपत्र प्रस्तावको म्याद दरभाउपत्र खोलेको मितिले ४५ दिन सम्म मान्य हुनु पर्ने छ र दरभाउपत्र प्रस्ताव साथ बिड बण्ड धरौटी वापत उद्योगको खातामा रु.२०,०००।– (वीस हजार) नगद जम्मा गरेको बैंक भौचर वा कम्तिमा ७५ दिन म्याद भएको "क" वर्गको वाणिज्य बैंकहरुबाट उद्योगको नाममा जारी भएको सोही रकमको बैंक जमानत पेश गर्नु पर्ने छ । विद्युतीय प्रस्ताव पेश गर्ने दरभाउपत्रदाताले बिड बण्ड वापतको बैंक भौचर वा जमानत पत्रको स्क्यान प्रति (PDF file) समेत प्रस्ताव साथ पेश गर्नु पर्ने छ ।

८. दरभाउपत्र फाराम बिक्री गर्ने, दर्ता गर्ने अन्तिम दिन तथा खोल्ने दिन यस उद्योगमा विदा पर्न गएमा क्रमश: बिदा पछि कार्यालय खुलेको दिनमा सो कार्य हुने छ । यस्तो अवस्थामा दरभाउपत्र प्रस्तावको म्याद र जमानतको म्याद गणना गर्दा पूर्व निर्धारित दर्ता मितिलाई नै मान्यता दिईने छ ।

९. प्राप्त कुनै पनि दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा सवै दरभाउपत्र कुनै कारण नजनाई रद्द गर्न सक्ने अधिकार यस उद्योगमा सुरक्षित रहनेछ ।


हेटौंडा सिमेण्ट उद्योग लि.
केन्द्रीय कार्यालय, हेटौंडा
फोन नं. ०५७-४१२८५२
इमेल:
info@hetaudacement.org.np

http://www.hetaudacement.org.np

# २) दरभाउपत्रदाताहरुलाई दिइएको निर्देशन

## २) दरभाउपत्र सम्बन्धि दरभाउपत्रदाताहरुलाई दिइएको निर्देशन

२.१ यस उद्योगको कारखानास्थल लामसुरे, हेटौंडामा Conditioning Tower Dismenteling *कार्य गराउनु पर्ने* भएकोले योग्य इच्छुक पंजिकृत फर्म/निर्माण व्यबसायीहरुबाट शिलवन्दी दरभाउपत्र प्रस्ताव आव्हान गरिन्छ ।

२.२ निम्न योग्यता भएका फर्म तथा आपूर्तकहरुले नोटरी पब्लिकबाट प्रमाणित गरिएका देहायका कागजातहरु पेश गरी यो दरभाउपत्रमा भाग लिन सक्ने छन् ।

(क) नविकरणको म्याद भएको फर्म/ कम्पनी दर्ता प्रमाणपत्र ।

(ख) व्यवसाय दर्ताको इजाजत पत्र ।

(ग) मु.अ.कर दर्ता प्रमाण पत्र ।

(घ) आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाण पत्र ।

(ङ) दरभाउपत्रदाता स्वयमले आफ्नो फर्म/ आपूर्तक कम्पनी दरभाउपत्रमा सहभागी हुन अयोग्य नभएको, दरभाउपत्र सम्बन्धी कार्यमा कुनै गलत मनसाय नभएको र अहिले सम्म पेशा वा व्यवसायजन्य अपराध गरे वापत कुनै किसिमको दण्ड सजाय पाएको छैन भनी गरिएको स्वयम घोषणा पत्र ।

(च) संयुक्त साझेदारी भए सम्झौता पत्र
(कुनै अर्को एक फर्मसंगको साझेदारी मात्र मान्य हुने छ) ।

(छ) अख्तियारनामा (उद्योगले चाहेको बखत अख्तियार दिने व्यक्तिले स्वयं उद्योगमा आइ सनाखत गर्नु पर्नेछ )।

२.३ उल्लेखित काम सम्बन्धी निम्न कागजातहरु संलग्न भएको फारमलाई दरभाउपत्र फाराम मानिने छ ।

१) दरभाउपत्र आव्हान सूचना नं. १०/०७४/०७५

२) दरभाउपत्र सम्बन्धि दरभाउपत्रदाताहरुलाई दिइएको निर्देशन

३) दरभाउपत्र प्रस्ताव तथा मूल्य विवरण

४) सम्झौता पत्र

५) सझौताका शर्तहरु

६)　नमूना फारमहरु

क) दरभाउपत्र पेश गरेको निबेदन
ख) दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजातहरु
ग) दरभाउपत्र दाताको जानकारी सम्बन्धी विवरण
घ) संयुक्त उपकम सम्बन्धी विवरण
ङ) दरभाउपत्र स्वीकृत गर्ने आशयपत्र
च) बीड बण्डको नमूना
छ) कार्य सम्पादन जमानतको नमूना

२.५　बिड बण्ड:

दरभाउपत्र दाताले दरभाउपत्र साथ रु.२०,०००/- धरौटी (बिड बण्ड) वापत दरभाउपत्र खोलेको मिति देखि ७५(पचहत्तर) दिन सम्म म्याद भएको क श्रेणीको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत वा यस उद्योगको देहायका बैंकहरुमा रहेको निम्नलिखित च.हि.नं.हरु मध्ये कुनै पनि खातामा नगद जम्मा गरेको सक्कल बैंक भौचर दरभाउपत्रसाथ पेश गर्नु पर्नेछ ।

| | बैंकको नाम | स्थान | च.हिसाव नं. |
|---|---|---|---|
| 1. | Nepal Bank Ltd. | Hetauda | 02500100441500000001 |
| 2. | Rastriya Banijya Bank | " | 130000037701 |
| 3. | Bank of Kathmandu Lumbini Ltd. | " | 015700100027524 |
| 4. | Nepal Bangladesh Bank Ltd | " | 009001731 C |
| 5. | Himalayan Bank Ltd. | " | 01100850420015 |
| 6. | Nabil Bank Ltd. | " | 2301017500011 |
| 7. | Centuri Bank Ltd. | " | 0260260000126 CA |
| 8. | Sanima Bank Ltd. | " | 0250000015001 |
| 9. | Everest Bank Ltd. | " | 0420010520052 |
| 10. | KIST Bank Ltd. | " | 04400000160 C |
| 11. | Nepal SBI Bank Ltd. | " | 20025240200093NPR |
| 12. | Agriculture Development Bank Ltd. | " | 05-085-00273881-01-6 |
| 13. | Siddartha Bank Ltd. | " | 02515025912 |
| 14. | Prabhu Bank | " | 09011600280393000002 |
| 15. | Civil Bank | " | 102910060429018 |
| 16. | EverestBank | " | 4200105200052 |

२.६ दरभाउपत्र प्रस्ताव लाहा छाप द्वारा शिलबन्दी गरि खाम वाहिर दरभाउपत्र दाताको नाम र ठेगाना खुलाई " Conditioning Tower Dismenteling *कार्य गराउनु पर्ने कार्य***को दरभाउपत्र आव्हान सूचना नं. १०/०७४/०७५**" भनि प्रष्ट उल्लेख गर्नु पर्नेछ । साथै दरभाउपत्रदाताले फर्मको पुरा ठेगाना र इमेल ठेगाना पनि उल्लेख गर्नु पर्ने छ र सो इमेल गरिएको पत्र समेत दरभाउपत्र दाताले पाएको मानिने छ ।

२.७ निम्न लिखित रित नपुगेको दरभाउपत्र मा कारवाही गरिने छैन ।

क) उद्योगबाट विक्री भएको दरभाउपत्र फाराम नभरिएको ।

ख) पेश भएको प्रस्तावको खाम सिलवन्दी नभएको ।

ग) दरभाउपत्र मा पेश गर्नेको सहीछाप नभएको ।

घ) म्याद भित्र दाखिला नभएको ।

ङ) दरभाउपत्र फारमको शर्त अनुसार धरौटी (विड वण्ड) नभएको वा न्यून भएको वा समय भित्र प्राप्त नभएको ।

च) दरभाउपत्रमा माग गरिए अनुसारको आवश्यक कागजातको विवरण दरभाउपत्रको साथ पेश नगरेको ।

२.८. शर्त राखी पेश गरेको दरभाउपत्र प्रस्ताव रद्द गर्न सकिने छ । साथै एक पटक पेश गरीसकेको दरभाउपत्र संशोधन वा फिर्ता लिन पाइने छैन ।

२.९ अस्वीकृत दरभाउपत्रदाताहरुको धरौटी (बिड बण्ड) स्वीकृत दरभाउपत्र दातासंग सम्झौता भएपछि फिर्ता गरिनेछ । स्वीकृत दरभाउपत्रदाताको धरौटी (विड बण्ड), कार्य सम्पादन दस्तुर (परफरमेन्स बण्ड) जम्मा गरे पछि मात्र फिर्ता गरिने छ ।

२.१० बिड बण्ड जफतः

निम्नलिखित अवस्थामा दरभाउपत्र दाताको बिड धरौटी रकम जफत गर्न सकिने छ ।

(क) स्वीकृत दरभाउपत्रदाताले उद्योगले जारी गरेको, प्रस्ताव स्वीकारपत्र नबुझेमा ।

(ख) स्वीकारपत्र बुझि म्याद भित्र कार्य सम्पादन दस्तुर जम्मा नगरी सम्झौता गर्न नआएमा ।

(ग) दरभाउपत्रको मूल्यांकन गर्दा मूल्य विवरणमा अंक गणितिय त्रुटीलाइ सच्याइएको मूल्य विवरणलाइ दरभाउपत्रदाताले स्वीकार नगरेमा ।

२.११ दरभाउपत्र दाताले प्रस्ताव दर्ता गराउनु अगावै कार्य व्यबस्था आदि बारे स्थलगत निरिक्षण गरी बुझ्नु पर्नेछ । पछि यस सम्बन्धि कुनै विषयमा उद्योगलाई ईङ्गित गर्ने वा अनभिज्ञता जाहेर गर्न पाईने छैन ।

२.१२ दरभाउपत्रदाताले कार्य स्थल निरीक्षण गर्न, दरभाउपत्र तयार गर्न तथा दाखिला गर्न लागेको सम्पूर्ण खर्च दरभाउपत्रदाता स्वयंले व्यहोर्नु पर्ने छ ।

२.१३ दरभाउपत्र दाताले मुल्य विवरण पानामा कार्यको इकाई दर र कुल मूल्य उल्लेख गर्नु पर्ने छ ।

२.१४ दरभाउपत्रदाताले इकाई दर अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । इकाई दर र कुल रकममा फरक परेमा इकाई दरको आधारमा कुल रकम सच्याई हिसाब गरिनेछ । सो अनुसार सच्याइएको रकम दरभाउपत्रदाताले स्वीकार गर्नु पर्ने छ ।

२.१५ दरभाउपत्रदाताले दरभाउपत्र फारामको प्रत्येक पानाहरुमा दस्तखत गरी सफा र स्पष्टसंग आफ्नो दरभाउ उल्लेख गरी पेश गर्नु पर्नेछ । केरमेट भए सो ठाउँमा आधिकारिक व्यक्तिले दस्तखत गर्नु पर्नेछ ।

२.१५ (क) Conditioning Tower Dismenteling *कार्य* **को लागी दरभाउपत्र पेश भएकोमा उद्योगले मूल्यको आधारमा मात्र ठेक्का सम्झौता गर्ने छ ।**

२.१६ दरभाउपत्र मा उल्लेखित दर (स्वीकृत प्रयोजनको लागि) दरभाउपत्र प्रस्ताव खोलेको मितिले ४५ दिन सम्म मान्य हुनु पर्नेछ ।

२.१७ दरभाउपत्र मा उल्लेखित दर प्रस्ताव स्वीकृत भएको मिति देखि कार्य सम्पन्न नभए सम्मको लागि कायम रहने छ । बिचमा मूल्य बृद्धि गरिने छैन ।

२.१८ स्वीकृत दरभाउपत्रदाताले दरभाउपत्र स्विकृत भएको पत्र बुझ्केको मितिले ७ दिन भित्र मु.अ.कर सहितको कुल स्वीकृत रकमको ५ (पाँच) प्रतिशत रकम कार्य सम्पादन दस्तुर ( परफरमेन्स बण्ड) वापत ठेक्का सम्भौताको म्याद भएको दरभाउपत्र फारामको शर्त नं.२.५ मा उल्लेख भए बमोजिम हुने गरी बनाईएको बैंक प्रत्याभूति वा सक्कल बैक भौचर उद्योगमा पेश गरी ठेक्का सम्झौता गर्नु पर्ने छ ।

२.१९ दरभाउपत्र दाताले पेश गरेको दर रकममा सबै करहरु (मु.अ.कर समेत) समावेश गरेको हुनु पर्नेछ । दरभाउपत्र स्वीकृत भएमा प्रचलित नियमानुसार लाग्ने मुल्य अभिवृद्धि कर खुलाई विल पेश गर्नु पर्नेछ र सोही अनुसार भुक्तानी हुनेछ ।

२.२० उक्त कार्य सन्तोषजनक नपाएमा पुन सन्तोषजनक रुपले गर्नु पर्नेछ ।

२.२१ दरभाउपत्र प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने वा सम्पूर्ण दरभाउपत्र प्रस्तावलाई कुनै कारण नजनाई रद्द गर्न सक्ने अधिकार यस उद्योगमा सुरक्षित रहनेछ ।

२.२२ आचरण तथा कालोसूचीमा राख्ने तथा फुकुवा गर्ने सम्बन्धि व्यबस्था सार्वजनिक खरिद ऐन २०६३ तथा सोही ऐनको नियमावली २०६४ अनुसार हुनेछ ।

२.२३ दरभाउपत्र सम्बन्धमा केही कुरा बुझ्न परेमा कार्यालय समय भित्र खरिद विभागमा सम्पर्क राख्न सकिनेछ ।

२.२४ स्वीकृत दरभाउपत्र दाताले उक्त कार्यको कार्य जोखिम तथा कामदारहरुको सामुहिक दुर्घटना वीमा गराउनु पर्ने छ ।

२.२५ कार्यको शिलसिलामा कुनै कामदार दुर्घटनामा परी चोकपटक लागेमा वा कुनै अप्रिय घटना घटेमा सो को सम्पूर्ण आर्थिक तथा कानूनी जिम्मेवारी स्वीकृत दरभाउपत्रदाता स्वयं नै हुनेछ ।

२.२६ दरभाउपत्र सम्बन्धी सम्पूर्ण कागजात नेपाली वा अंग्रेजी भाषामा हुनु पर्ने छ ।

२.२७ सूचनाले निर्धारण गरेको मिति र समय भित्र शिलवन्दी दरभाउपत्र पेश गरी सक्नु पर्ने छ ।

२.२८ प्राप्त दरभाउपत्र प्रस्तावहरु दरभाउपत्रदाताहरुको उपस्थिति वा अनुपस्थितिमा उद्योगका प्रतिनिधिहरुको रोहवरमा तोकिएको स्थान, मिति र समयमा खोलिने छ र सो को अभिलेख राखिने छ ।

२.२९ दरभाउपत्रसंग सम्बन्धित प्रकृयाहरु (मूल्याङ्कन, तुलना, सिफारिस आदि) गोपनिय रहने छ। कुनै पनि दरभाउपत्रदाताले निर्णय प्रकृयामा कुनै किसिमको दवाव वा प्रभाव पार्न खोजेमा निजको दरभाउपत्र रद्द गर्न समेत सकिने छ।

२.३० उद्योगले दरभाउपत्र प्रस्ताव मूल्याङ्कन गर्नु पूर्व प्राप्त दरभाउपत्र प्रस्तावहरु देहाय बमोजिम रित पुगको छ वा छैन परिक्षण गरिने छ।

(क) २.२ अनुसार योग्यता पुगे नपुगेको।

(ख) आधिकारीक व्यक्तिको दस्तखत भए नभएको।

(ग) सारभुत रुपमा दरभाउपत्रमा उल्लेखित कागजातहरु पेश भए नभएको।

२.३१ सामान्यतया उद्योगले दरभाउपत्र प्रस्ताव खोलेको मितिले १५ दिन भित्र कार्य सम्झौताको निर्णय गर्ने छ। सो निर्णय गर्दा निम्न पक्षमा खास विचार पुऱ्याईने छ।

(क) लागत मूल्याङ्कन भित्र भएको

(ख) सारभुत रुपमा न्यूनतम दरभाउपत्र प्रस्ताव भएको र

(ग) दरभाउपत्रदाताको योग्यता सम्बन्धी शर्त पुरा भएको आधारमा गरिने छ।

२.३२ साईटमा काम भई रहेको बखतमा ठेकेदार स्वयं वा निजको अधिकृत प्रतिनिधी उपस्थित हुनु पर्नेछ।

**हेटौंडा सिमेण्ट उद्योग लि.**
केन्द्रीय कार्यालय, हेटौंडा
फोन नं. ०५७- ४१२८५२,
४१३०२०
फ्याक्स नं. ०५७-४१२१२३
इमेलः *hcilhtd@ntc.net.np*
*info@hetaudacement.org.np*

# ३) सम्झौताका शर्तहरु

# सम्झौताका शर्तहरु

## १. परिभाषा :

**तलका शब्द तथा अभिव्यक्तिको अर्थ निम्नानुसार हुने छ :–**

(क) **"सम्झौता"** भन्नाले खरिदकर्ता र ठेकेदार बीच भएको सम्झौता, सो मा उल्लेख भएका सम्झौता सम्बन्धी कागजातहरु लगायत त्यसमा संलग्न अन्य कागजात, अनुसूची तथा सन्दर्भले जोडिएका अन्य सबै कागजातहरु समेतलाई जनाउने छ ।

(ख) **"कार्य सम्झौता सम्बन्धी कागजात"** भन्नाले सम्झौतामा उल्लेख गरिएका कागजातहरु र त्यसमा भएको संशोधन समेतलाई जनाउने छ ।

(ग) **"सम्झौता मूल्य"** भन्नाले सम्झौता बमोजिम ठेकेदारलाई भुक्तानी गर्नु पर्ने भनिएको र सम्झौता अनुसार त्यसमा थपघट गर्ने गरी समायोजन समेत भई कायम भएको मूल्यलाई जनाउने छ ।

(घ) **"दरभाउपत्रदाता"** भन्नाले प्रस्तावित काम सम्पन्न गर्नका लागि निजको दरभाउपत्र स्वीकृत गरी सम्झौतामा दरभाउपत्रदाता भनि नाम उल्लेख गरेको कुनै व्यक्ति, निजी वा सरकारी निकाय वा दुवैको संयुक्त स्वरुप र कानून बमोजिम यस्तो निकायको उत्तराधिकारी समेतलाई जनाउने छ ।

(ङ) **"खरिदकर्ता"** भन्नाले सामान खरीद गर्ने निकाय सम्झनु पर्ने छ र सो अनुसार हेटौंडा सिमेन्ट उद्योग लि. लाई खरीदकर्ता जनाउने छ ।

(च) "वस्तु (The Goods)" भन्नाले कार्य विवरण (Works Schedule) मा उल्लेख भए बमोजिमका कामहरु सम्झनु पर्ने छ । जुन सम्झौतामा उल्लेख भए अनुसार ठेकेदारले गर्नु पर्ने छ ।

(छ) "सेवा (Services)" भन्नाले ठेक्का संग सम्बन्धित ती सहायक सेवा (Ancillary Services) जस्तै ढुवानी, वीमाका साथै जडानी, संचालन परीक्षण, संचालन र निर्माण सम्बन्धि तालिम आदि समेतलाई सम्झनु पर्छ ।

२. **कार्य समय र कार्य क्षेत्रः**

२.१ ठेकेदारले सम्झौताको मितिले ७ दिन भित्र Conditioning Tower Dismenteling *कार्य* कार्यारम्भ गरी ३० दिन भित्र कार्य सम्पन्न गरीसक्नु पर्नेछ।

क) Conditioning Tower Dismenteling कार्य समय विहान ६:०० वजे देखि वेलुका ६:०० वजे सम्मको हुनेछ आवश्यक परेमा अन्य समयमा पनि कार्य गर्न सकिनेछ।

ख) कामदारहरुको खाना,तलव भत्ता, नास्ता वसोवास आदि सम्पूर्णको व्यवस्था ठेकेदार स्वयम्ले गर्नु पर्ने छ ।

ग) Conditioning Tower Dismenteling *कार्य* गर्दा आवश्यक पर्ने Tools,Tackles,Gas,Welding Electrodes, M/S Welding crane,Tractor आदी सम्पूर्ण सामग्रीहरु ठेकेदार आफैले व्यवस्था गर्नु पर्ने छ।

घ) Electricity, Power Supply Point **उद्योगले उपलव्ध गराउने छ ।**

ङ.) Ct Dismentelling **पश्चात सो वाट निस्केको सम्पूर्ण सामानहरु उद्योगले तोकेको स्थानमा ठेकेदार स्वयंमले नै राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।**

३ सम्झौता कार्यान्वयन को अवधिमा उद्योगको विचारमा मुख्य कार्यक्षेत्र वा कुनै किसिमको हेरफेर गर्न (विचलन/परिवर्तन (Deviation/variation) आवश्यक लागेमा सो हेरफेर गर्न सक्ने अधिकार उद्योगमा सुरक्षित रहनेछ।

४. **भुक्तानी :**

Conditioning Tower Dismenteling कार्य सम्झौता अनुसार सन्तोषजनकरुपमा सम्पन्न भए पश्चात सम्वन्धित विभागबाट सिफारिस सहित ठेकेदारले कर विजक पेश गरेपछि भुक्तानी गरिनेछ।

## ५. कार्य सम्पादन दस्तुर जफतः

निम्नलिखित मध्ये कुनै पनि अवस्थामा कार्य सम्पादन दस्तुर (परफरमेन्स बण्ड) जफत गरी सम्झौता रद्द गर्न सकिने छ ।

(क) सम्झौता गर्न आउन लेखिएको पत्रको आधारमा कार्य सम्पादन दस्तुर जम्मा गरेको तर सम्झौता गर्न नआएको अवस्थामा ।

(ख) सम्झौता बमोजिम कार्य शुरु नगरेमा वा कार्य बीचैमा छाडेमा वा तोकिएको परिमाण अनुसार निर्धारित समयमा कार्य नगरेमा ।

(ग) यस सम्झौताका शर्तहरुको पालना नगरेमा ।

६. प्रचलित नियमानुसार लाग्ने सम्पूर्ण कर तथा महशुलहरु सम्बन्धित ठेकेदारले नै व्यहोर्नु पर्नेछ ।

७. उल्लेखित कार्य सम्पादन गर्दा कुनै कामदारलाई चोट पटक लागेमा वा सोही कारणबाट मृत्यु हुन गएमा औषधी उपचार खर्च तथा वीमा दावी वा क्षतिपूर्ति आदि सम्पूर्ण कार्यको जवाफदेही ठेकेदार स्वयंले वहन गर्नु पर्नेछ । साथै ठेकेदारले कार्य सम्पादन गर्दा कसैलाई कुनै किसिमको हानी नोक्सानी हुन गएमा सो को सम्पूर्ण कानूनी तथा आर्थिक जिम्मेवारी ठेकेदारको हुनेछ । उल्लेखित काम गर्दा हुन सक्ने संभावित जोखिमबाट हुने क्षतिवाट बच्नको लागि ठेकेदारले आफ्नो खर्चमा अनिवार्य विमा गराउनु पर्ने छ । सो सम्बन्धमा उद्योगले कुनै पनि किसिमको क्षति पूर्ति दिने छैन ।

८. Conditioning Tower Dismenteling *कार्य* सम्पन्न नभए सम्म यस सम्बन्धमा उद्योगले दिएको निर्देशनहरुको ठेकेदारले पालना गर्नु पर्नेछ ।

९. ठेकेदारले आफ्नो कार्य तथा आचरणको कारण उद्योगलाई कुनै किसिमको थप दायित्व पार्ने छैन ।

## १०. मूल्य (Price) :

दरभाउपत्रमा उल्लेखित दर प्रस्ताव स्वीकृत भएको मिति देखि कार्य सम्पन्न नभए सम्म कायम रहने छ । बिचमा मूल्य परिवर्तन हुने छैन ।

## ११. आदेश परिवर्तन (Order Change) :आवश्यक नभएको ।

## १२. क्षतिपूर्ति (Liquidate Damage) :

मुनासिव कारण भएको अवस्थामा वाहेक तोकिएको समयमा Conditioning Tower Dismenteling *कार्य* नगरेमा ढिलो भएको परिमाणको ठेक्का रकम (मु.अ.कर वाहेक) प्रति दिन ०.०५ ५ ले जरिवाना लाग्ने छ र सो जरिवाना अधिकतम कुल ठेक्का रकमको १० ५ भन्दा बढी हुने छैन ।

## १३. विवाद समाधान :

१. सम्झौता भित्रका कुरा वा सम्झौताका सम्बन्धमा उत्पन्न कुनै विवाद वा असमझदारीलाई समाधान गर्न यस उद्योगले दरभाउपत्रदाता संग प्रत्यक्षरुपमा अनौपचारिकवार्ताको माध्यमबाट आपसी समझदारीमा समाधान गर्न हर प्रयास गर्ने छ ।

२. पारस्परिक परामर्शमा यस्तो विवाद वा भिन्नता लाई परामर्श शुरु भएको ३० दिन भित्र समाधान गर्न दुवै पक्षहरु असफल भएमा जुनसुकै पक्षले विवाद समाधानका लागि मध्यस्थता (Arbitration) का लागि लिखित सूचना दिनु पर्नेछ ।

२.१ यस्तो विवाद मध्यस्थतावाट (Arbitration) समाधान गरिने छ । यस्तो मध्यस्थता Conditioning Tower Dismenteling *कार्य* हुनु अगावै वा पछाडी गर्न सकिने छ ।

२.२ यस्तो मध्यस्थताको प्रक्रिया नेपालको प्रचलित मध्यस्थता परिषद (Rule of Nepal Council of Arbitration) अनुसार संचालन हुने छ ।

३. मध्यस्थतामा उल्लेख नभएका विषयको हकमा

(क) दुवै पक्षले अन्यथा स्वीकार नभएको अवस्थामा सम्झौता अनुसारका दुवै पक्षले आफ्नो दायित्वका कार्य जारी राख्ने छ ।

(ख) उद्योगले Conditioning Tower Dismenteling *कार्य* ठेकेदारलाई दिनु पर्ने रकम भुक्तानी दिने छ ।

१४.**भाषा (Governing Language)**:यस दरभाउपत्र संग सम्बन्धित भाषा नेपाली वा अंग्रेजी हुने छ ।

१५. **लागु हुने कानून (Applicable Law) :** नेपालको प्रचलित कानून लागु हुने छ ।

१६. **पत्राचार ठेगाना (Address) :**

१. उद्योगको ठेगाना : हेटौंडा सिमेण्ट उद्योग लि.

केन्द्रीय कार्यालय, हेटौंडा

फोन नं. ०५७- ४१२८५२, ४१३०२०

फ्याक्स नं. ०५७-४१२१२३

इमेल: hcilhtd@ntc.net.np / info@hetaudacement.org.np

२. ठेकेदारको ठेगाना:

नाम :

ठेगाना :

फोन नं.:

दस्तखत:

मिति :

(यो ठेगानामा गरिएको पत्राचार आधिकारीक मानिनेछ, कुनै पनि सूचना फिर्ता आएमा सो को जिम्मेवारी स्वयं आपूर्तक हुनु पर्ने छ । )

१७. **कर तथा महशुल (Taxes & Duties):**

नेपाल सरकारबाट लागु गरिएको सम्पूर्ण कर महशुल, इजाजत दस्तुर, शुल्क तथा अन्य कुनै दस्तुरहरु सबै ठेकेदारले व्यहोर्नु पर्ने छ ।

१८. Conditioning Tower Dismenteling *कार्य* गर्दा आवश्यक पर्ने Tools,Tackles,Gas,Welding Electrodes, Welding M/C crane,Tractor आदी सम्पूर्ण सामग्रीहरु ठेकेदार आफैले व्यवस्था गर्नु पर्ने छ ।

१९. स्वीकृत दरभाउपत्रदाताको आचरण तथा कालो सूचीमा राख्ने तथा फुकुवा गर्ने सम्बन्धी व्यवस्था सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुने छ ।

# ४) ठेक्का सम्झौता पत्र

# ठेक्का सम्झौता पत्र

बिक्रम सम्बत २०७३ साल ........... महिना … … … गतेका दिन हेटौंडा सिमेण्ट उद्योग लि. (जस लाई यस पछि हे. सि. उ. लि. भनेर सम्बोधन गरिने छ) र श्री .................. (जसलाई पछि ठेकेदार भनेर सम्बोधन गरिने छ) का बिच हे. सि. उ. लि. द्वारा सामानको विवरण तालिकामा उल्लेख भए अनुसार यस उद्योगको **दरभाउपत्र आव्हान सूचना नं. १०/०७४/०७५ अन्तर्गत** “ Conditioning Tower Dismenteling *कार्य* ” को दरभाउपत्र आव्हान गरिएकोमा ठेकेदारले सो कार्य रु. … … … … … … … .. (अक्षरेपी रुपैयाा ............ ........................ ) मात्रमा सम्पन्न गर्न दिएको दरभाउपत्र प्रस्ताव स्वीकृत भए बमोजिम सो ठेक्का रकममा यो ठेक्का सम्झौता गरिएको छ ।

**अब दुवै पक्ष देहाय बमोजिम सम्झौता गर्न सहमत भएका छौं ।**

दरभाउपत्र मा समावेश गरिएको सम्पूर्ण कार्य दरभाउपत्र को शर्त अनुसार सम्झौता भएको मितिले ७ दिन भित्र सुरु गरी ३० दिन भित्र सम्पूर्ण कार्य सम्पन्न गर्नु पर्नेछ ।

**निम्न कागजातहरु यो ठेक्काको व्याख्या गर्नको लागि सम्झौताको रुपमा मानिने छ ।**

१) ठेकेदारले मिति ०७४/.. …/.... .... मा पेश गरेको दरभाउपत्र प्रस्ताव ।
२) कार्य विवरण तालिका (Schedule of Item)
३) सम्झौताको शर्तहरु ।
४) हे. सि. उ. लि. को च. नं. ख. ................/०७४/०७५ मिति २०७४/..../..... को दरभाउपत्र स्वीकृत भएको पत्र ।
५) ठेकेदारले मिति ......................... को पत्र साथ पेश गरेको ................. बाट मिति मा जरि भएको जमानी संख्या ................. रकम रु. ................. को परफरमेन्स बण्ड ।

यो सम्झौता र माथी उल्लेखित दस्तावेजहरु बीच विवाद उठेमा सोको निराकरण यो सम्झौता अनुसार हुने छ । माथी उल्लेखित दस्तावेज नं. (१) देखि (५) को बिचमा विवाद उठेमा क्रमानुसार उल्लेखित दस्तावेजलाई प्राथमिकता दिइने छ ।

**अब दुवै पक्षहरु देहाय अनुसार स्वीकार र घोषणा गर्दछन्:**

ठेकेदारले सामानको विवरण तालिकामा उल्लेखित कार्य को साथै सम्झौतामा उल्लेख भए बमोजिम सम्पूर्ण कार्यहरु गर्नु पर्नेछ । हे. सि. उ. लि. ले उपरोक्त कार्यहरु गरे वापत ठेकेदारलाई रु. .... … … … केन्द्रीय कार्यालय, लामसुरेबाट भुक्तानी दिने छ ।

**हे. सि. उ. लि. को तर्फबाट:**
दस्तखत :
नाम :
मिति :

**साक्षी:**
१)
२)

**ठेकेदारको तर्फबाट :**
दस्तखत :
नाम :
मिति :

**साक्षी:**
१)
२)

# कार्य विवरण तालिका
# (Schedule of Items)

# कार्य विवरण तालिका (Schedule of Items)

| क्र. सं. | विवरण | परिमाण | अंकमा रुपैंया पैसा | अक्षरमा | जम्मा रकम रुपैंया पैसा |
|---|---|---|---|---|---|
| १) | Conditioning Tower Dismenteling *कार्य* | | | | |
| | | | | मु.अ.कर १३५ | |
| | | | | जम्मा रकम रु. | |
| (अक्षरेपी रुपैया ... ... ... ... ... ... ... ..... ... ... ... ... ... ... ... ... ... ..) | | | | | |

*नोटः* Conditioning Tower Dismenteling *कार्य को लागी मूल्य उल्लेख गरेको कार्य अवधि सम्पन्न भै नसकेको अवधिमा मु.अ.कर को दरमा कुनै परिवर्तन भएमा सोही अनुसार लागू हुने छ ।*

दरभाउपत्रदाताको नाम :

ठेगाना :

फोन नं. :

दस्तखत :

मिति :

छाप

# ६ *विस्तृत कार्य विवरण तालिका (Scope of works)*

## *६. विस्तृत कार्य विवरण तालिका* (Scope of works)

1) *Complete dismentelling works CT Including Inlat Outlet duct of CT.*
2) *All the tools & Tackels,Gas Welding M/C Welding electrods, Crane Tractor Etc. should be arrange by the contractor his own cost.*
3) *Electricity & Electricity Point will be arrange by HCIL freeof Cost.*
4) *All the rejected materials arraised from dismentelling works of CT should be stored as per the instruction of HCIL*

# ७) नमूना फारमहरु

# नमूना फारमहरु

## (SAMPLE FORMS)

### १) दरभाउपत्र पेश गरेको निबेदनः

*(दरभाउपत्रदाता फर्म संस्था वा कम्पनीको लेटर प्याडमा)*

मितिः … … … … … …

श्री… … … … … … … …
… … … … … … … … …

महाशय,

हामीले दरभाउपत्र सम्बन्धी कागजातमा समावेश भएका कागजातहरु अध्ययन गऱ्यौं । प्रस्तुत कार्य रु. ……. ….. ……..(अंकमा) ………………………………… ………………. …..( अक्षरमा) मा अथवा खरिदकर्ताबाट ठहर भएको रकममा गर्न हाम्रो मन्जुरी भएकोले यो दरभाउपत्र पेश गरेका छौ ।

यो दरभाउपत्रको मान्य अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखी ४५ दिन रहने छ । यो दरभाउपत्र र खरिदकर्ताबाट दिईएको दरभाउपत्र स्वीकृतिको पत्रले हामी सम्झौता गर्न बाध्य हुनेछौ ।

प्रस्तुत कामको लागि सवैभन्दा घटी कबोल गर्ने वा कुनै पनि दरभाउपत्रदाताको दरभाउपत्र स्विकृत गर्न खरिदकर्ता बाध्य नभएको कुरा हामीले बुझेका छौं ।

हामी खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको घोषणा गर्दछौं ।

यसै साथ संलग्न भएको फेहरिस्त बमोजिमका कागजातहरु दरभाउपत्र साथ पेश गरेका छौं ।

भवदिय
हस्ताक्षरः……………………………..

_______________________________
फर्म, संस्था वा कम्पनीको तर्फबाट
हस्ताक्षर गर्ने आधिकारीक व्यक्तिको नामः
पद : ………………………………
दरभाउपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको नाम र ठेगानाः
फोनः
फ्याक्सः
इमेलः
छापः
मिति : ……………………….

## २) दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजातहरुः

| सि.नं. | विवरण | पेश गरे वा नगरेको उल्लेख गर्ने |
|---|---|---|
| (क) | फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि | |
| (ख) | व्यवसाय दर्ताको ईजाजतपत्रको प्रतिलिपि, | |
| (ग) | मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्रको प्रतिलिपि, | |
| (घ) | आन्तरिक राजश्व विभागबाट आ.व.२०७३/०७४ को कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातको प्रतिलिपि, | |
| (ङ) | दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र | दरभाउपत्र पेश गरेको निबेदनमा घोषणा गरी सकेको |
| (च) | दरभाउपत्रमा हस्ताक्षर गर्ने अधिकारनामा पत्र | |
| (छ) | दरभाउपत्र जमानतको सक्कल प्रति | |
| (ज) | संयुक्त उपकम सम्बन्धी सम्झौताको सक्कल प्रति | |
| (झ) | अन्य (कुनै भए उल्लेख गर्ने) | |

## ३) दरभाउपत्र दाताको जानकारी सम्बन्धी विवरणः

(दरभाउपत्रदाताले दरभाउपत्र साथ देहायको विवरण भरी पेश गर्नु पर्नेछ । संयुक्त उपक्रमबाट दरभाउपत्र पेश गर्ने भएमा यो विवरण फाराम संयुक्त उपकमका सबै साझेदारहरुले छुट्टाछुट्टै भरी पेश गर्नु पर्नेछ)

*तलको विवरण अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।*

| | | |
|---|---|---|
| १. | दरभाउपत्रदाताको नामः | |
| २ | दरभाउपत्रदाताको ठेगानाः | |
| ३ | दरभाउपत्रदाताको टेलिफोन नम्बरः | |
| ४ | दरभाउपत्रदाताको मोबाईल नम्बरः | |
| ५ | दरभाउपत्रदाताको ईमेलः | |
| ६ | दरभाउपत्रदाताको फर्म दर्ता भएको जिल्लाः | |
| ७ | दरभाउपत्रदाताको फर्म दर्ता भएको बर्षः | |
| ८ | दरभाउपत्रदाताले दरभाउपत्रमा हस्ताक्षर गर्न अधिकार दिएको व्यक्तिको नामः<br>ठेगानाः<br>टेलिफोन नम्बरः<br>मोवाईल नम्बरः<br>फ्याक्स नम्बरः<br>इमेलः | |

## ४) संयुक्त उपकम सम्बन्धी विवरणः

(दरभाउपत्रदाताले संयुक्त उपकमबाट दरभाउपत्र पेश गर्ने भएमा यो विवरण फाराम भरी पेश गर्नु पर्नेछ)

| | | |
|---|---|---|
| मूख्य साझेदार | संयुक्त *उपक्रमको मूख्य साझेदारको नामः-*<br>*मूख्य साझेदारको हिस्साः-*<br>दर्ता भएको ठाउँको नाम :-<br>*मूख्य साझेदारको* व्यवसाय *दर्ता भएको स्थानः-*<br>साझेदारीको प्रतिशतः- | |
| साझेदार | संयुक्त *उपक्रमको अन्य साझेदारको नामः-*<br>*अन्य साझेदारको हिस्साः-*<br>दर्ता भएको ठाउँको नाम :-<br>*अन्य साझेदारको* व्यवसाय *दर्ता भएको स्थानः-*<br>साझेदारीको प्रतिशतः- | |
| | दरभाउपत्र*मा हस्ताक्षर गर्ने अख्तियारनामा* पाउने साझेदारको नामः- | |

**५)दरभाउपत्र स्वीकृत गर्ने आशयपत्रः**

**मितिः २०७४...../......**

श्री ... ... ... ... .... ...
.... .... ... .... .... ...
... ... ... ... ... ... ...

बिषयः- **दरभाउपत्र स्वीकृत भएको जानकारी पत्र ।**

मिति २०७४/ / गतेको दरभाउपत्र आव्हानको सूचना बमोजिम पेश गरेको तपाइको ..............को मूल्यांकित रकम रु.....................र मु.अ.कर रु...............समेत जम्मा रु............................को दरभाउपत्र स्वीकृत गरिएको छ ।

यो पत्र प्राप्त भएको मितिले ७ दिन भित्र औपचारिक रुपमा कार्य सम्झौता गर्न यस कार्यालयमा सम्पर्क गर्न निर्देशन दिइन्छ । कार्य सम्झौताको शर्त अनुसार, सम्झौताको विशेष शर्तमा उल्लेख भएको रकम बराबरको कार्य सम्पादन जमानत पेश गर्नु पर्ने छ ।

माथि उल्लेखति समयावधि भित्र कार्य सम्पादन जमानत सहित सम्झौतामा हस्ताक्षर गर्न उपस्थिति नभएमा नियमानुसार दरभाउपत्र जमानत जफत प्रकृया अगाडि बढाइने व्यहोरा समेत सुचित गरिन्छ ।

बोधार्थः
(सबै दरभाउपत्रदाताको नाम उल्लेख गर्ने)

(
........................)

प्रमुख
खरिद विभाग

# 6) Bid Security:

Date :2074/

/

To :-

M/S HETAUDA CEMENT INDUSTRIES LTD, Lamsure , Hetauda -9 ,Makawanpur

Whereas, **[name of Bidder]** (hereinafter called "the Bidder") has submitted his Sealed Quotation (SQ) dated **[date of submission of SQ]** for the Conditioning Tower Dismenteling **Works** (hereinafter called "the Sealed Quotation").

KNOW ALL PEOPLE by these presents that WE **[name of Bank]** of Nepal having our registered office at **[address of bank]** (hereinafter called "the Bank") are bound unto **[name of the procuring entity]** (hereinafter called "the Purchaser") in the sum of **[specify amount in figure and words]** for which payment well and truly to be made to the said Purchaser, the Bank binds itself, its successors, and assigns by these presents. Sealed with the Common Seal of the said Bank this ________ day of _________________ 20______.

THE CONDITIONS of this obligation are:

(1) If, the Bidder withdraws its SQ during the period of bid validity specified by the Bidder on the SQ Form; or

(2) If the Bidder having been notified of the acceptance of its SQ by the Purchaser during the period of bid validity:

(a) Fails or refuses to execute the Contract Form, if required; or

(b) Fails or refuses to furnish the performance security, in accordance with the Instruction to Bidders;

we undertake to pay to the Purchaser up to the above amount upon receipt of its first written demand, without the Purchaser's having to substantiate its demand, provided that in its demand the Purchaser will note that the amount claimed by it is due to it owing to the occurrence of one or both of the two conditions, specifying the occurred condition or conditions.

This guarantee will remain in force up to Seventy five (75) days from the date of opening of the Sealed Quotation, and any demand in respect thereof should reach the Bank not later than the above date.

_____________________________________________

***[signature of the bank]***

_______________________________________________

***[common seal of the bank]***

# 7) Performance Security:

Date :

2074/ /

To:

HETAUDA CEMENT INDUSTRIES LTD, LAMSURE,HETAUDA-9,MAKAWANPUR

WHEREAS **[name of Supplier]** (hereinafter called "the Supplier") has undertaken, in pursuance of Contract No. **[Reference number of the contract]** dated ____________ 20_____ to Conditioning Tower Dismenteling **Works** (hereinafter called "the Contract").

AND WHEREAS it has been stipulated by you in the said Contract that the Supplier shall furnish you with a bank guarantee by a reputable bank for the sum specified therein as security for compliance with the Supplier's performance obligations in accordance with the Contract.

AND WHEREAS we have agreed to give the Supplier a guarantee:

THEREFORE WE hereby affirm that we are Guarantors and responsible to you, on behalf of the Supplier, up to a total of ***[amount of the guarantee in words and figures]***, and we undertake to pay you, upon your first written demand declaring the Supplier to be in default under the Contract and without cavil or argument, any sum or sums within the limits of [amount of guarantee] as aforesaid, without your needing to prove or to show grounds or reasons for your demand or the sum specified therein.

This guarantee is valid until the _________ day of ______________20_____.

Signature and seal of the Guarantors

__________________________________________

***[name of bank or financial institution]***

__________________________________________

***[address]***

__________________________________________

***[date***

## Section IX

## General Guideline for Sealed Bidder

**(बोलपत्र फाराम भर्ने सम्बन्धमा बोलपत्रदाताहरुको जानकारी को लागि सुझाव )**

बोलपत्रदाताहरुले प्रस्ताब फाराम भर्दा निम्नानुसारको कुराहरुमा ध्यान दिनु हुन अनुरोध गरिन्छ ।

१) बोलपत्रको सूचना प्राय : जानकारीको लागि गोरखापत्र र उद्योगको वेबसाईटमा प्रकासित हुनेछ । गोरखापत्रमा सूचना प्रकासित भए पछि सो सूचना राम्रोसंग पढि बोलपत्र फारामको बिस्तृत विवरण नेपाल सरकार, सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np मा गई आफनो फर्मको नाम रजिष्ट्रेसन गरे पश्चात प्राप्त password बाट Login गरी बोलपत्रको सूचना र बोलपत्र फारामको विस्तृत जानकारी download गरी हेर्न सकिनेछ । साथै उद्योगको वेवसाईट www.hetaudacement.org.np बाट समेत बोलपत्र आह्वानको सूचना हेर्न/पढनका साथै बोलपत्र फाराम डाउनलोड गर्न सकिनेछ । वा बोलपत्रदाताको लिखित अनुरोधमा तोकिएको दस्तुर तिरी फाराम खरिद गर्न सकिनेछ ।

२) बोलपत्रपत्रदाताले आफनो फर्मको तर्फबाट बोलपत्र प्रस्ताव तोकिएको मिति र समय भित्र हातैले उद्योगको केन्द्रिय कार्यालय लामसुरेमा दर्ता गर्न सकिनेछ । साथै नेपाल सरकार सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.bolpatra.gov.np मार्फत बिद्युतिय प्रस्ताव पेश गर्न चाहने बोलपत्रदाताहरुले सोही वेबसाईटमा तोकिए बमोजिमका आबश्यक प्रकृया पुरा गरी प्रस्ताब दर्ता गर्न सकिने छ । विद्युतिय माध्यमबाट बोलपत्र प्रस्ताब पेश गर्ने प्रस्ताबदाताहरुले सक्कल बोलपत्र प्रस्ताब ( Hard Coppy ) प्रस्ताब खलेको ७ दिन भित्र अनिवार्य पेश गर्नु पर्ने छ ।

३) बोलपत्र फाराम खरिद गर्दा जुन फर्मको नामबाट रसिद काटीएको छ सोही फर्मकै नाममा प्रस्ताब पेश गर्नु पर्ने छ । नेपाली फर्महरुले आफ्नो बिदेशी प्रिन्सिपल पार्टीको तर्फबाट स्थानिय एजेण्टको हैसियतले बोलपत्र प्रस्ताब पेश गर्दा प्रिन्सिपलकै नाममा पेश गरी विडबण्डमा समेत सोही ब्यहोरा स्पष्ट लेखिएको हुनु पर्ने छ । नेपाली फर्मले विड गरेको अबस्थामा भुक्तानी नेपाली रुपैयाँमा नै गरिनेछ ।

४) नेपाल सरकार,सार्बजनिक अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.np मार्फत प्रस्ताब दर्ता गर्न चाहने दरभाउपत्रदाताले अन्तिम समयसम्म पर्खेर बस्नु भन्दा पनि कम्तिमा २ दिन पहिले नै आवश्यक कागजात तयार पारी website मा Upload गर्दा विधुतिय अबरोध, ईण्टरनेट तथा वेवसाईटमा गडबढी आदिबाट श्रृजना हुने संभाबित अबरोध बाट बच्न सकिनेछ ।

५) बोलपत्रदाताले बोलपत्र सूचनामा तोकीए बमोजिमको रकम र अबधी पुग्ने गरी ( बैंक जमानतको म्याद ) विडबण्ड पेश गर्नु पर्छ । बोलपत्र प्रस्ताबको खाममा विडबण्ड बापत नगद राख्नु हुदैन ।

६) बोलपत्र फारामको Instruction to Biddder का सबै बुंदा राम्रोसँग हेरी प्रस्ताब पेश गर्नु पर्छ ।

७) बोलपत्र फाराम को हरेक पानामा बोलपत्रदाता फर्मको तर्फबाट अधिकारप्राप्त व्यक्तिले दस्तखत गरी फर्मको छाप समेत लागे नलागेको जांच गर्नु पर्छ ।

८) बोलपत्र फारामको मुल्य उल्लेख गर्ने स्थानमा आफुले पेश गर्न चाहेको मुल्य अंक र अक्षर दुवैमा भर्नु पर्छ ।

९) आवश्यकता अनुसार बोलपत्रदाताले आफुले आपूर्ती गर्न चाहेको सेवा वा सामानको ब्राण्ड, वारेण्टी ग्यारेण्टी, दिन सकिने छुट आदि वारे स्पष्ट रुपमा उल्लेख गर्नु का साथै सामानको लिफलेट, क्याटलग संलग्न गर्नु पर्छ ।

१०) बोलपत्रदाताले बोलपत्र प्रस्ताब फाराम भर्दा केरमेट भएको ठांउमा दस्तखत भए नभएको जांच गर्नु पर्छ ।

११) बोलपत्र फारामसाथ पेश गर्नु पर्ने कागजातहरुको प्रतिलिपि नोटरी पब्लीकबाट प्रमाणित गरेको हुनु पर्छ ।

१२) बोलपत्रदाताले आपूर्ति गरिने सामान वा सेवाको लागि निर्माता वा उत्पादक कम्पनी को आधिकारिक पत्र आबश्यक भनी लेखिएको अबस्थामा सो पत्र पेश गर्नु पर्छ ।

१३) बोलपत्र प्रस्ताब फाराममा ISO Certificate दिनु पर्ने उल्लेख भए सो को प्रमाणित प्रति वोलपत्र साथ संलग्न गरे , नगरेको तथा SGS/LLOYED/Beuro Vasritas जस्ता संस्थाबाट Test cerificate दिनु पर्ने उल्लेख गरेको भए सो अनुसार Test गराई सामान दिन सकिने, नसकिने राम्रो संग बुझि प्रस्ताव पेश गर्नु पर्छ ।

नोट :–बोलपत्रदाताहरुले बेलाबेलामा भुल गर्ने गरेको कारण उपरोक्त ब्यहोरा स्मरण गराईएको भएतापनि बोलपत्र सूचना तथा फाराममा उल्लेखित कुराहरु मुख्य रुपमा आधिकारिक हुने भएकोले बोलपत्र फाराम राम्रो संग अध्ययन गरी सोही अनुसार प्रस्ताब पेश गर्न अनुरोध गरिन्छ ।

खरिद विभाग
हेटौडा सिमेण्ट उद्योग लि.